**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०९।१८ गतेको ४० औं बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०९।१८ गतेको ४० औं बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाले मिति २०८०।०६।०८ गते वर्गीकरण गरी पठाएको जग्गा वर्गीकरणलाई तपशिल अनुसार संशोधन गरी जग्गा वर्गीकरण गर्ने निर्णय गरियो ।

**तपशिल**

वडा न. ४ (सत्यवती)

| क्र.सं. | जग्गको विवरण | जग्गाको वर्गीकरण |
|---|---|---|
| १ | ऋतुवर्ण सामुदायिक वनले ओगटेको ६०.८ हेक्टर क्षेत्रफल र सत्यवती ताल क्षेत्रको सत्यवती धार्मिक वनले ओगटेको १११.४१ हेक्टर क्षेत्रफलका जग्गाहरु | पर्यटकीय तथा धार्मिक क्षेत्र |

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०९/०५ गतेको पत्र अनुसार नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसारको कार्यक्रममा नियमानुसार सहभागी हुने निर्णय गरियो ।

३. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ४२ बमोजिम यस गाउँपालिकाले रु. ७५ लाख सम्मको कार्यक्रमको लागि आवश्यक पर्ने १५ प्रतिशतले हुन आउने रकम रु. ११,२५,०००।— कार्यक्रमको लागि लागत साझेदारी गर्ने प्रतिवद्धता जनाउन निर्णय गरियो ।

४. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार कार्यक्रम कार्यान्वय गर्दा कार्यविधिको पूर्णपालना गर्ने प्रतिवद्धता जनाउन निर्णय गरियो ।